राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १२२ २०८२ मंसिर १७ गते बुधवार (03 Dec. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## मधेश सरकार संकटमा :

# मुख्यमन्त्री आज विश्वासको मत लिने

दैनिक समाचारदाता

जनकपुरधाम, १६ मंसिर । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले सर्वोच्च अदालतको निर्णय अनुसार आज (बुधवार) दिउँसो २ बजे मधेश प्रदेश सभामा विश्वासको मत लिनका लागि व्यवस्था मिलाई दिनका लागि पत्र पठाउनु भएको छ ।

मुख्यमन्त्री यादवले मुख्यमन्त्रीको निवासमा बुधवार साँझ आयोजना गरेको पत्रकार सम्मेलनमा विश्वासको मत सम्बन्धि पत्र प्रदेश सभा सचिवालयमा दर्ता गराएको जानकारी दिएका छन् ।

सर्वोच्च अदालतले मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय आदेशको मेलमा नपठाए पनि आफूले नै चासो लिएर मधेश प्रदेश सभा सचिवालय तथा प्रदेश प्रमुखको कार्यालयबाट प्रतिलिपि झिकाएर सोही आधारमा विश्वासका मतका लागि प्रदेश सभा सचिवालयमा पत्र दर्ता गराएको मुख्यमन्त्रीले जानकारी गराएका छन् ।



उहाँले मधेश प्रदेश सभामा विगतमा आफूहरूले सहकार्य गरेका सहयात्री दलबाट नै आफूलाई विश्वासको मत प्राप्त हुने आशा व्यक्त गरे । आफू विश्वासको मत पाउनेमा ढुक्क रहेको दाबी गर्दै सबै अवस्था सार्वजनिक हुने जिकिर गरेका छन् ।

मुख्यमन्त्री यादवले सर्वोच्च अदालतको आदेशपछि सरकारको बसेको मन्त्रीपरिषद्ले गरेको विभिन्न निर्णयहरूका गरेको जानकारी दिएका छन् ।

मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले मधेशमा स्थायी बसोबास गर्ने स्नातक तह उत्तीर्ण भएर बेरोजगार बसेका युवाहरूलाई मासिक रुपमा २ हजार बेरोजगारी भत्ता तथा बाढीका कारणले क्षति भएको किसानलाई प्रति कठा १ हजार ५ सयको दरले स्थानीय तह मार्फत राहत रकम उपलब्ध गराउने निर्णय गरेको बताए ।

यसै गरी मन्त्रीपरिषद् बैठकले प्रदेशमा स्थायी बसोबास भएका दलित तथा मुस्लिम युवाहरूको उच्च शिक्षामा पहुँच बढाउनका लागि स्नातकोत्तर बढ्नका लागि १ लाख एकमुष्ट रुपमा छात्रवृत्ति दिने, माघ महिनाको पूर्णिमाका दिन पर्ने रविदास जयन्तीका दिन प्रदेश भरि लागु हुने गरि सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

मन्त्रीपरिषद् बैठकले धानको समर्थन मूल्य कम भएकाले उक्त बढाउनका लागि संघ सरकारलाई बढाउनुपर्ने रकम सहित सिफारिस गर्ने र मदर्शा शिक्षा बोर्ड गठन सम्बन्धि विधेयक प्रदेशमा टेबुल गर्ने निर्णय भएको जानकारी मुख्यमन्त्री यादवले पत्रकार सम्मेलनमा गराउनु भयो । मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवले आज (बुधबार) दिउँसो २ बजे विश्वासको मत लिने भएका छन् । मंगलबार पत्रकार सम्मेलन गर्दै मुख्यमन्त्री यादवले यस्तो जानकारी दिएका हुन् ।

मंगलबार दिउँसो ३ बजे प्रदेश प्रमुखबाट पत्र प्राप्त भएको जानकारी दिँदै मुख्यमन्त्री यादवले बुधबार दिउँसो ३ बजेसम्म विश्वासको मत लिने बताएका हुन् । प्रदेश सभा सचिवालयलाई पत्र पठाएर विश्वासको मत लिन लागेको उनले बताए ।

विगतमा सहयोग गरेका दलहरूले आफूलाई विश्वासको मत दिने उनले आशा व्यक्त गरे । सोमबार सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वासको मत लिन मुख्यमन्त्री यादवको नाममा परमादेश भएको थियो ।

# जनकपुरमा मंसिर २० मा नेकपाको एकता प्रदर्शन




दैनिक समाचारदाता

जनकपुरधाम, १६ मंसिर । नेपाली कम्युनिस्ट पार्टीले आगामी मंसिर २० गते जनकपुरधाममा भव्य एकता सन्देशसभा गर्ने तयारी गरेको छ। पार्टीले मंगलबार जनकपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमार्फत कार्यक्रमको विस्तृत जानकारी सार्वजनिक गरेको हो।

पार्टीका मधेश प्रदेश इन्चार्ज महेन्द्र रायका अनुसार जनकपुरधामको तिरहुतिया क्षेत्रमा आयोजना हुने उक्त सभा मधेश प्रदेशलाई लक्षित गरी तयार गरिएको प्रदेशस्तरीय राजनीतिक शक्ति प्रदर्शन हुनेछ।

रायका अनुसार सभामा पार्टीका केन्द्रीय संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', सह-संयोजक माधवकुमार नेपाल,सँगै उच्च तहका अन्य शीर्ष नेताहरू पनि उपस्थित रहने र पार्टी एकता, राष्ट्रिय राजनीति तथा प्रदेशको राजनीतिक दिशा-निर्देशबारे सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

पार्टीले उक्त सभालाई ऐतिहासिक बनाउने उद्धेश्यसहित मधेशका आठै जिल्लाबाट ठूलो संख्यामा सहभागी गराउने तयारी गरेको छ। रायका अनुसार हालसम्मको तयारीअनुसार ४० हजारभन्दा बढी नेता तथा कार्यकर्ता सहभागी हुने अनुमान गरिएको छ। कार्यक्रम सफल बनाउने लक्ष्यसहित पार्टीले जनकपुरधाम क्षेत्रमा संरक्षण, यातायात र सुरक्षा व्यवस्थालाई प्राथमिकताका साथ अघि बढाएको छ। स्थानीय संरचना र मोर्चागत सङ्गठनहरूलाई सक्रिय गराई प्रतिनिधि पठाउने अभियान तीव्र रूपमा चलिरहेको बताइएको छ।

पार्टी नेताहरूले जनकपुरमा हुन लागेको एकता सन्देशसभाले मधेशमा नयाँ राजनीतिक सन्देश दिने, पार्टीगत एकतालाई मजबुत बनाउने र प्रदेशस्तरमा कार्यकर्ता परिचालनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन्।

# सरकारका दुई निर्णयमा सर्वोच्चको रोक

दैनिक समाचारदाता

काठमाडौं, १६ मंसिर । सर्वोच्च अदालतले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका दुई निर्णयमा रोक लगाएको छ । निर्वाचन प्रयोजनका लागि बनेको सरकारले ११ जना राजदूत फिर्ता बोलाउने र भूमिसम्बन्धी आयोग खारेज गर्ने निर्णय उल्टाइएको हो।

सर्वोच्चले छोटो अवधिको सरकारले दीर्घकालीन असर पार्ने निर्णय गर्न नहुने ठहर गरेको छ।

भदौ २३ र २४ गतेको जेनेजी आन्दोलनको पृष्ठभूमिमा बनेको कार्की नेतृत्वको सरकारले राजदूत फिर्ता र भूमि आयोग खारेज गर्ने निर्णय गरेको थियो।

सोमबार सर्वोच्च अदालतका न्यायाधीशद्वय सारंगा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले भूमि आयोग र यसको जिल्ला कार्यालय खारेज गर्ने निर्णय बदर गरेको छ।

मन्त्रिपरिषद्को गत असोज २३ गते बसेको बैठकले भूमि समस्या समाधान आयोग र त्यसका जिल्ला समिति खारेज गर्ने निर्णय




गरेको थियो। उक्त निर्णयविरुद्ध आयोगका अध्यक्ष हरिप्रसाद रिजालले रिट दायर गरेका थिए। सर्वोच्चले अन्तरिम आदेशमार्फत तत्काल कार्यान्वयन नगर्न आदेश दिएको थियो।

सर्वोच्चले आदेशमा भनेको छ कि ६ महिनाको अवधि रहेको र चुनाव गराउने उद्देश्यका लागि बनेको सरकारले आफू सरोकार नभएका दीर्घकालीन प्रभाव पार्ने निर्णय गर्न नहुने हो। अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलका अनुसार, सरकारले धमाधम निर्णय जारी राखे चुनाव प्रभावित हुन सक्ने जोखिम थियो।

पूर्वमा पनि सर्वोच्चले कार्की नेतृत्वको सरकारलाई चुनावमा केन्द्रित रहन र अनावश्यक विवादमा नपर्न सम्झाइसकेको थियो। अधिवक्ता पौडेलले भने, "सरकारले आफ्नो उद्देश्य बिर्सन हुँदैन। छोटो अवधिका लागि बनेको सरकारले राजनीतिक र सामाजिक तनाव सिर्जना गर्न नहुने तथा निर्वाचन धकेलिन नपरोस् भन्ने सुनिश्चित गर्नु पर्छ।"

गत कात्तिक १६ गते सर्वोच्चले ११ राजदूत फिर्ता गर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको थियो। सर्वोच्चले अन्तरिम आदेशमा सरकारले राजदूत फिर्ता गर्ने औचित्य पर्याप्त प्रमाणित नगरेको र प्रतिनिधिसभा विघटनको अवस्थामा संसदीय सुनुवाइ नहुने अवस्था औंल्याएको छ।सरकारले राजदूत नियुक्तिलाई व्यवस्थित बनाउन जारी गरेको "राजदूत नियुक्ति निर्देशिका, २०७५" अनुसार आवश्यक ठानेमा राजदूतलाई पदावधि पूरा हुनुअघि फिर्ता बोलाउन सक्ने व्यवस्था भए तापनि सर्वोच्चले यस अवस्थामा प्रयोग नगर्न आदेश दिएको हो।


## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्पिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु





दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# ३५ वर्षको शासन तर परिणाम शून्य?

नेपाली राजनीति तीन दशकभन्दा बढी समयदेखि लगभग एउटै घेराभित्र घुमिरहेजस्तो अनुभूति नहोला भन्न सकिँदैन । दल बदलिन्छन्, सरकार फेरिन्छ, तर वास्तविक व्यवस्था भने उस्तै-जस्तै चरित्रले अघि बढिरहेको छ । यही स्थिरताको आवरणभित्र लुकेर बसेको असफलतामाथि जसपा अध्यक्ष उपेन्द्र यादवले जनकपुरधाममा गरेका टीकाटिप्पणीहरूले फेरि एकपटक प्रणालीगत कमजोरीलाई सतहमा ल्याइदिएको छ ।

उनी उठाउने प्रश्न सानदार मात्र होइन, असहज पनि छन्—कुनै समय नेपालको मेरुदण्ड ठानिएका १८० उद्योगमध्ये किन आज गन्दै सकिने मात्र बाँकी रहे? किन देशका सात लाखभन्दा बढी युवा विदेशिइरहन पर्‍या छन् ? शिक्षा र स्वास्थ्य किन निजीकरणको कठघरामा उभिएको छ ? यी सबै प्रश्नहरू कुनै पार्टीमात्रतर्फ औंला उठाउने प्रयास मात्र होइनन्, नेपाली राज्यसञ्चालनको पुरै ढाँचाको आलोचनात्मक अवलोकन हुन् ।

युवाको योगदानबिना कुनै पनि राजनीतिक परिवर्तन सम्भव हुँदैन भन्ने तथ्य इतिहासले पुष्टि गरिसकेको छ । तर विडम्बना, परिवर्तनका क्रान्तिहरूमा हात उठाउने यही शक्तिशाली पुस्ता व्यवस्थापन र निर्णय तहमा भने निरन्तर पछाडि पारिन्छ । सत्ता र नेतृत्वमा 'पुराना अनुहार' को वर्चस्व रहिरहेकाले नीति निर्माणमा नयाँ सोच, नयाँ दृष्टिकोण र नयाँ प्राथमिकता प्रवेश गर्नै पाउँदैन । यसले युवामा निराशा, देशप्रतिको दूरी र वैदेशिक रोजगारी रोज्नेतर्फ झनै धेरै धकेलिरहेको छ ।

यादवले उठाएका प्रश्नहरू केवल भावनात्मक आक्रोश होइनन्; उनीहरूले दशकौंदेखि जरा गाडेर बसेको संरचनात्मक असमानता र दलगत कब्जाको यथार्थ उजागर गर्छन्। कांग्रेस-एमाले वा अन्य कुनै दलमाथि उठाइएका आरोपहरूको वजन कति सत्य वा कति अतिरञ्जित भन्ने विषय फरक हुन सक्छ, तर मूल प्रश्नहरू भने सार्थक छ – राज्य किन आफ्नै नागरिकलाई आधारभूत सेवा दिन असमर्थ रह्‍यो? किन युवालाई नेतृत्वका ढोकाबाट बाहिर राखियो? र किन निजी स्वार्थ सार्वजनिक संरचनामाथि हावी भएर देशको मेरुदण्ड भत्कियो?

अबको चुनौती युवाले मात्र चुनावी चहलपहल नभई नीति, नेतृत्व र संरचनागत सुधारमा प्रत्यक्ष हस्तक्षेप गर्ने वातावरण बनाउन सक्नुमा छ । किनकि यदि अर्को पुस्ता पनि यस्तै व्यवस्थाले ग्रस्त रहिरह्‍यो भने, आज उठाइएका प्रश्नहरू भोलिका इतिहासका पीडादायक दोहोराइनै बन्नेछन् ।

# नाटक : 'छुतहा घैल' ले जित्यो दर्शकको मन



कैलास दास

जनकपुरधाम । लोककथामा आधारित नाटक 'छुतहा घैल' मधेशको माटोमा जन्मिएको एउटा भावुक कथा जस्तै छ । करिब ४७ वर्षको अन्तरालपछि मिथिला नाट्यकला परिषद् (मिनाप) ले आफ्नै नाट्यशालाबाट यो लोककथामा आधारित नाटक मञ्चन गर्दै जस्तो एउटा हराएको परम्परालाई पुनःघर फर्काएको अनुभूति दिलायो । २०३६ सालमा मिनापको स्थापना हुँदा मैथिली भाषाको प्रसार सीमित थियो, कलाकारका हातमा साधन थिएनन्, तर मुटुमा सिर्जनाको ज्वाला थियो । फुसको घरमा रिहर्सल गर्ने ती कलाकारहरूको यात्रा आज योगेन्द्र-महेन्द्र नाटक घरको भव्य उद्घाटनसम्म आइपुग्नु केवल समयको यात्रा मात्र होइन-मैथिली अस्मिताको पुनर्जागरण हो ।



वरिष्ठ साहित्यकार प्रा.श्यामसुन्दर 'शशि' ती दिनहरू स्मरण गर्दै भन्छन् कि पहिले सञ्चारमाध्यमको विस्तार थिएन, जनचेतनाको माध्यम नाटक नै थियो । हिन्दी र नेपाली नाटकको भीडबीच मिनापले "मैथिली नाटक" भन्ने पहिचानको जग बसाल्यो । समय फेरियो, भाषा विस्तार भयो, अनि नाटक नेपाल-भारत मात्र होइन, अन्य मुलुकहरूमा पनि पहिचान खोज्न निस्क्यो । मिनापले कुनै भवन मात्र बनाएन, एक संस्कृति, एक चेतना, एक रीतिलाई निरन्तरता दियो ।

यही निरन्तरताको नयाँ कडी हो–'छुतहा घैल'। नाटक सुरु हुन्छ आम ग्रामीण जीवनमा गुजारा चलाइरहेकी एक दम्पतीको कथाबाट । उनीहरू जमिन्दारको घरमा काम गरेर भोक–पीडासँग लडिरहेका हुन्छन् । एक दिन श्रीमतीलाई माइतबाट दाजुको विवाहको खबर आउँछ र त्यो विहेमा सहभागी हुने इच्छा उनको मुटुको गहिराइबाट उठ्छ । तर शक्तिशाली जमिन्दारले विदा दिन इन्कार गर्छ । नारीको इच्छालाई कहिल्यै वजन नदिने, उसको भावनालाई सधैं दोश्रो स्थानमा राख्ने ग्रामीण पुरुषवादी संरचना यहीँ प्रस्ट देखिन्छ ।

तर इच्छाको आवाज दबिँदैन । श्रीमान-श्रीमती गाउँको डर, जमिन्दारको धौंस वा गरिबीको बन्धनलाई बेवास्ता गर्दै माइतीतिर लाग्छन् । उनीहरूको बाटोमा आइपुग्छ–गोनु झाको मिथक। मिथिलाको लोक-स्मृतिमा एक बुद्धिवान, हाजिरजवाबी र अद्भुत पात्रका रूपमा चिनिने गोनु झा कथामा मात्र होइन, जनमनमा पनि अडिएका छन् । गाउँलेहरू उनलाई भूत-प्रेतसँग कुरा गर्ने, जादु-टोना गर्ने भन्ने डरले सम्झन्छन् । यही डर श्रीमतीमा पनि छ । तर श्रीमान चाहिँ पुरुष अहंकारको नशामा भन्छ-"गोनु झा के बाउ हौं, मलाई केही हुनै सक्दैन ।" यही दम्भ र नारीका चिन्ताबीचको द्वन्द्व गहिरो रूपमा नाटकभरि बगिरहन्छ ।

गोनु झा र उनका अनुयायी बसुवा दम्पत्तीको विवाद, डर र दम्भ सुन्दैछन् । उनी नक्कली रूप धारण गरेर उनीहरूकै आन्तरिक चरित्रको परीक्षा लिन्छन् । कहिले हास्य मिसाएर, कहिले हेरसिकाइको स्वरूपमा, कहिले जीवनको साँचो दर्शन झल्काएर । नाटकभरि उनले प्रस्तुत गर्ने प्रत्येक युक्तिले दर्शकलाई हसाउँछ, झस्काउँछ, सोचन बाध्य बनाउँछ । श्रीमानले श्रीमतीको चेतावनीलाई वेवास्ता गर्दा प्रयोग गर्ने अपशब्द, नारीलाई दोस्रो तहको मान्छे ठान्ने व्यवहार, र पुरुषीय दम्भ यी सबै आज पनि हाम्रो समाजमा जीवित छन् । यहीँ नाटक वर्तमानको दर्पण बन्छ । पुरानो कथा भए पनि आजका चुली भाँडासम्म छिर्ने विषय भएकाले यसलाई केही संशोधनसहित पुनर्मञ्चन गरिएको हो ।

दुई घण्टाको नाटक कहिले हाँसोको छाल जस्ता, कहिले मन चिरिने घाउ जस्ता, कहिले आत्मसम्मानका प्रश्न जस्ता भएर बगिरहन्छ । दर्शकलाई समयको अनुभूति नै हुँदैन । मदन ठाकुरदेखि रविन्द्र झा, प्रियंका झा, अनिता मण्डल, परमेश झा, धिरज ठाकुर, रामनारायण ठाकुर सबै कलाकारका भाव, संवाद, हाउभाउ पात्रसँगै बगिरहेका जस्ता लाग्थे । महेन्द्र मलंगियाको लेखनमा रहेको घरायसी यथार्थ र ग्रामीण संवेदना निर्देशक परमेश झाको प्रस्तुतिमा जीवन्त भएर मञ्चमै सास फेर्दै थियो ।

'छुतहा घैल' केवल लोककथा होइन, यो नारीको मर्म, पुरुषको दम्भ, समाजको सोच, र ग्रामीण जीवनको वास्तविकताको कथन हो । एउटा साधारण दम्पत्तीको दैनिक संघर्षभित्र हाम्रो सभ्यताले नदेखेजस्तो गरेको पीडा, हाम्रो हाँसोभित्र लुकेको त्रास, र हाम्रो व्यवहारभित्र पलाएको अन्याय सबै प्रस्ट देखिन्छ । नाटकघरको उद्घाटनसँगै मिनापले दर्शकको मागअनुसार नाटकहरू निरन्तर सञ्चालन गर्ने घोषणा गरको छ । यो घोषणा केवल कार्यक्रमको सूचनामात्र होइन, मैथिली भाषा, कला र आत्मसम्मानको निरन्तर दियो फेरि बलेको संकेत हो। 'छुतहा घैल' मञ्चमा मात्र होइन, मनमा पनि बजिरहने कथा हो । हाम्रो संस्कृतिले छोड्न खोजेको पीडाको आवाज र हाम्रो समाजले अझै नबुझेर बाँचिरहेको सत्यको प्रतिध्वनि ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# बिहान नुहाउनु राम्रो हुन्छ कि रातमा?

## – विशेषज्ञहरू यसो भन्छन्



*ज्यास्मिन फोक्स-स्केली*

कोही बिहान नुहाउन रुचाउँछन् भने कोही बेलुका। त्यसो भए कसले सही तरिकाले नुहाइरहेको छ त?

हामी बाँचिरहेको यो बढ्दो ध्रुवीकृत संसारमा एउटा प्रश्न छ जसले सायद हामीलाई अरूभन्दा बढी विभाजित गर्दछ- के तपाईंले बिहान सबैभन्दा पहिला गर्ने काम भनेको नुहाउने हो वा यो रातमा गर्ने अन्तिम काम हो? वा हुन सक्छ तपाईं अमेरिकी जनसङ्ख्याको ३४ प्रतिशत मध्ये एक हुनुहुन्छ जसले दैनिक नुहाउनुहुँदैन।

तपाईं जुनसुकै कित्तामा भए पनि तपाईंको छनौटले तपाईंको स्वास्थ्यमा कस्तो प्रभाव पार्छ भन्ने सोच्न सक्नुहुने छ।

### *कुन बढी फाइदाजनक*

हामीमध्ये धेरैका लागि बिहान आँखा मिच्दै उठेपछि हामीले गर्ने पहिलो कामहरू मध्ये एक भनेको नुहाउने हो।

बिहान नुहाउनुपर्छ भन्नेहरूको प्रायः तर्क हुन्छ कि तातो पानीमा १० मिनेट नुहाउँदा उनीहरूलाई उठ्न, ताजा महसुस गर्न र दिन सुरु गर्न मद्दत गर्दछ। यद्यपि, रातको समयमा नुहाउनेहरूको तर्क चाहिँ सुत्नुअघि नुहाउँदा दिनभरिको फोहोर पखाल्न मद्दत पुग्छ र आनन्दमय निद्रा पुग्छ भन्ने रहन्छ।

त्यसो भए विज्ञानले के भन्छ जुन वास्तवमा हाम्रो लागि बढी फाइदाजनक छ?

नुहाउँदा छालाबाट फोहोर, पसिना र चिल्लोपना निखार्न मद्दत गर्छ। प्रदूषण र धुलोका कणका कारण दिनभरिमा शरीरमा फोहोर जम्मा भएका हुन्छन्। यदि तपाईंले सुत्नुभन्दा पहिले नुहाउनुभएन भने त्यो फोहोर तपाईंको तन्ना र तकियामा जम्मा हुन्छ।

तपाईंको छाला असाध्यै साना माइक्रोबियल लाइफले भरिएको छ। छालाको कुनै पनि भागलाई 'जूम' गरेर हेर्नुभयो भने तपाईंले त्यहाँ १०,००० देखि १० लाख ब्याक्टेरिया देख्नुहुनेछ।

तिनीहरूले तपाईंको पसिना आउने ग्रन्थिबाट निस्केको चिल्लो पदार्थ खान्छन्। पसिना आफैँ दुर्गन्धित हुँदैन तर स्टेफिलोककसजस्ता ब्याक्टेरियाले उत्पादन गर्ने सल्फरस कम्पाउन्ड भने पक्कै पनि दुर्गन्धित हुन्छ।

त्यसैले सुत्नुअघि नुहाउनु बढी स्वच्छ विकल्प जस्तो लाग्न सक्छ। जे होस्, सत्य त्योभन्दा बढी जटिल छ।

यूनिभर्सिटी अफ लेस्टरका माइक्रोबायोलजिस्ट प्रिमरोज फ्रीस्टोन भन्छन्, "राति नुहाउँदा तपाईं सफा र सफा ओछ्यानमा जानुहुन्छ, तर रातभर पसिना बग्न थाल्छ।"

फ्रीस्टोनका अनुसार चिसो मौसममा पनि मानिसको पसिना आउँछ र ५०,००० वा बढी छालाका कोशिकाहरूमा जम्मा गर्दछ।

"तपाईं अझै पनि एक प्रकारको पसिना, सूक्ष्म वातावरण सिर्जना गर्न जाँदै हुनुहुन्छ। त्यसलाई तपाईंको छालामा ब्याक्टेरियाले खान्छ र सानो स्तरमा शारीरिक गन्ध उत्पादन गर्छ। त्यसो भए राति नुहाएर सुतेपछि बिहान उठ्दा पनि तपाईंको शरीमा अझै पनि दुर्गन्ध आउँछ," फ्रीस्टोन भन्छन्।

### *ओछ्यानको सफाइ अनिवार्य*

रातको समयमा नुहाउने फाइदाहरू पनि केवल तब मात्र लागु हुन्छन्, जब तपाईं नियमित रूपमा आफ्नो ओछ्यान सफा गर्नुहुन्छ।

ब्याक्टेरिया तपाईंको तन्ना, तकिया र सिरकमा हप्तौँसम्म बाँच्न सक्छ।

ओसिलो ठाउँमा तपाईंको तकियामा पनि ढुसी आउन सक्छ।

प्रतिरक्षा क्षमता राम्रो भएका व्यक्तिहरूले यस्ता माइक्रोबियल आक्रमणको सामना गर्न सक्छन्। तर गम्भीर दम भएका ७६ प्रतिशत व्यक्तिहरूलाई कम्तीमा ढुसीको एउटा प्रकारबाट एलर्जी हुन्छ।

ए. फ्यूमिगेटसले क्षयरोग वा धूमपानसँग सम्बन्धित फोक्सोको रोगबाट पीडित व्यक्तिहरूमा पुरानो फोक्सोको रोग निम्त्याउन सक्छ।

यूकेको हल विश्वविद्यालयका वरिष्ठ लेक्चरर होली विल्किन्सन भन्छन्, "साँझमा नुहाउनुभन्दा तपाईंको तन्ना सफा गर्नु बढी महत्त्वपूर्ण छ किनभने तपाईं नुहाएर ओछ्यानमा जानुहुँदा त्यो ओछ्यानमा एक महिनादेखि ब्याक्टेरिया र फोहोरहरू जम्मा भइरहेका हुन सक्छन्।"

यो एक समस्या हो किनकि लामो समयसम्म बस्ने धुलोका कारण एलर्जीको जोखिम बढाउँछ। यदि तपाईंलाई पहिल्यैदेखि नै फूल वा बिरुवाको पराग जस्ता कुराले एलर्जी हुन्छ भने तपाईंको ओछ्यान समयसमयमा सफा नगर्नुले तपाईंका लक्षणहरू अझ खराब हुने छन्। नियमित रूपमा फोहोर तन्ना भएको ओछ्यानमा जाँदा छालाको सङ्क्रमणको जोखिम बढ्न सक्छ - यद्यपि यसका लागि प्रमाणहरू भने निर्णायक हुन सकेका छैनन्।

### *निद्राका लागि फाइदा*

रातको समयमा नुहाउनेहरू यसले उनीहरूलाई राम्रो निद्रा लाग्न मद्दत गर्ने तर्क गर्छन्। यसलाई पुष्टि गर्ने प्रमाणहरू पनि छन्।

उदाहरणका लागि १३ वटा अध्ययनको नतिजासँग तुलना गर्ने एउटा विश्लेषणले सुत्नुभन्दा एक वा दुई घण्टाअघि १० मिनेट तातो पानीले नुहाउँदा निद्रा पर्न लाग्ने समय निकै कम हुने पत्ता लगाएको छ। यसले शरीरको तापक्रम फेरि चिसो हुनुअघि 'सर्केडिअन' सङ्केतका रूपमा हाम्रो शरीरलाई निद्राको लागि तयार हुन मद्दत गर्ने सम्भावना रहन्छ। यद्यपि यो पुष्टि गर्न फेरि पनि थप अनुसन्धान आवश्यक छ।

त्यसो भए यसले हामीलाई बिहान वा बेलुकी कुन बेला नुहाउनु राम्रो हो भन्ने प्रश्नमा कहाँ पुर्‍याउँछ त? फ्रीस्टोन बिहानको नुहाउनुलाई प्राथमिकता दिन्छन् किनकि यसले ओछ्यानबाट रातको समयमा आएको धेरै पसिना र सूक्ष्म जीवहरू हटाउँछ र तपाईंलाई दिनका लागि सफा र ताजा महसुस गराउँछ।

जे होस् तपाईंको निर्णयले तपाईंको स्वास्थ्यमा अति थोरै मात्र फरक पार्ने सम्भावना छ। तपाईं रातमा सफा र ताजा महसुस गर्न चाहनुहुन्छ कि दिनमा भन्ने मात्रै फरक हो।

"यदि तपाईं दिनमा एक पटक नुहाउनुहुन्छ भने यसले वास्तवमै फरक पार्दैन कि तपाईं दिनको कुन समयमा नुहाउनुहुन्छ," विल्किन्सन भन्छन्।

खासमा दैनिक तपाईं मुख्य अङ्गहरूलाई सफा राख्नुहुन्छ भने स्वास्थ्य र स्वच्छताका लागि हप्तामा दुई पटक नुहाउनु पर्याप्त हुन्छ।

"तपाईं कस्तो प्रकारको काम गर्नुहुन्छ भन्नेमा पनि यो निर्भर गर्छ। त्यसैले यदि तपाईं किसान हुनुहुन्छ भने उदाहरणका लागि तपाईं सम्भवतः दिनको अन्त्यमा घर आउँदा नुहाउन चाहनुहुन्छ। तर मलाई लाग्छ सफा ओछ्यान राख्नु समग्रमा बढी महत्त्वपूर्ण छ," विल्किन्सन भन्छन्। बीबीसी/नेपाली

# एआई चिप बनाउन कति खर्च लाग्छ ?

काठमाडौं। कुनै समय विज्ञान कथा अर्थात् साइन्स फिक्सन जस्तै लाग्ने कृत्रिम बुद्धिमत्ता एआई आज हाम्रो दैनिक जीवनको अभिन्न हिस्सा बन्दै गएको छ।

मोबाइल फोनमा भ्वाइस असिस्टेन्टदेखि कार्यालयमा डेटा विश्लेषण अनि अस्पतालमा रोग पहिचानदेखि कारखानामा अटोमेसनसम्मका सबै ठाउँमा एआई फैलिइरहेको छ।


तर यो प्रविधिको तीव्र रुपमा विकास भईरहेको क्षेत्रभित्र एउटा कठोर यथार्थ पनि छ । त्यो हो यसको अकल्पनीय रूपमा महँगो बनिरहेको यसको लागत । वास्तवमा एआई जति लोकप्रिय हुँदैछ यसका लागि आवश्यक चिप निर्माणको खर्च पनि त्यत्तिकै आकासिँदै गएको छ।

विश्वको सबैभन्दा ठूलो एआई चिप निर्माता कम्पनी एनभिडियाका सिइओ जेनसन हुआङ स्वयंले यस बारेमा खुलासा गरेका छन्। उनका अनुसार नयाँ एआई-चिप संरचनाको डिजाइन र निर्माण प्रक्रिया सुरु गर्नमै साढे ५ अर्ब अमेरिकी डलरभन्दा बढी खर्च भइहाल्छ। आश्चर्यको कुरा त चिपको पहिलो युनिट कारखानाबाट बाहिर निस्कनुअघि नै यति ठूलो रकम खर्च भइसकेको हुन्छ।

### *किन चाहिन्छ यति ठूलो रकम ?*

नयाँ पुस्ताको एआई चिप बनाउन त्यसको डिजाइन, इन्जिनियरिङ, आर्किटेक्चर विकास, सिमुलेशन, टूल चेन निर्माणजस्ता सबै प्रक्रिया सुरुबाटै तयार गर्नुपर्छ। हुआङका अनुसार, केवल डिजाइन र इन्जिनियरिङमै ५ देखि ६ अर्ब डलरसम्म खर्च लाग्छ।

त्यसपछि चिपको डिजाइन तयार भएपछि त्यसलाई उत्पादन गर्न मास्क सेट बनाउनुपर्छ, जसमा मात्रै करिब ५० करोड डलर खर्च हुन्छ। यसको अर्थ चिप उत्पादन थाल्नुअघि नै करिब साढे ५ अर्ब




डलर खर्च भइसकेको हुन्छ।

### *प्रति चिप कति खर्च पर्छ ?*

सुरुआती खर्च अत्यन्तै ठूलो देखिए पनि प्रतिचिपको वास्तविक मूल्य भने फरक हुन्छ। उदाहरणका लागि एनभिडियाको अत्याधुनिक एआई चीप द्यबिअपधर्भा्रि द्य२०० को मूल्य प्रतिचिप करिब ३० हजारदेखि ४० हजार अमेरिकी डलरसम्म पर्छ।

यो मूल्य यसको अघिल्लो पुस्ताको ज्१०० चिपको मूल्यकै हाराहारीमा छ। यसको अर्थ के भने बिक्री गरिने उक्त प्रतिगोटा चिपको मूल्यमा अनुसन्धान तथा विकास खर्च वा प्रारम्भिक लागत समावेश भएको हुँदैन । उक्त मूल्यमा केवल उत्पादन, प्याकेजिङ, ढुवानी खर्च र कम्पनीको नाफा जोडिएको हुन्छ।

### *यति महँगा चिप किन चाहिन्छ ?*

यहाँनेर स्वाभाविक रूपमा प्रश्न उठ्छ कि आखरि यतिधेरै महँगा एआइ चिप किन बनाउनु पर्यो? प्रविधिको क्षमतामा यसको उत्तर लुकेको छ। सामान्य सिपियू वा जिपियूको तुलनामा द्यबिअपधर्भा्रि द्य२०० जस्ता उन्नत एआई चिप अत्यधिक शक्तिशाली हुन्छन्।

यी चिपहरूको कम्प्युटिङ क्षमता, मेमोरी र ऊर्जा दक्षता यति उच्च हुन्छ कि ती चिपले सयौं साधारण प्रोसेसर र नएग को काम एक्लै गर्न सक्छन्। यसका कारण ऊर्जा खर्च, समय र सञ्चालन लागतमा ठूलो बचत हुन्छ। त्यसैले महँगा भए पनि यी चिपहरू भविष्यको प्रविधिका लागि अपरिहार्य बन्दै गएका छन्। एजेन्सीको सहयोगमा



# मधेशका मुख्यमन्त्रीबारे सर्वोच्चको आदेशमा ओलीको आपत्ति

दैनिक समाचारदाता
काठमाडौं, १६ मंसिर । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मधेश प्रदेशका मुख्यमन्त्रीलाई २४ घण्टाभित्र विश्वासको मत लिनका लागि सर्वोच्च अदालतले दिएको परमादेशप्रति आपत्ति जनाएका छन् ।

पार्टी वन विभागले च्यासलमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले उक्त आदेशप्रति आपत्ति जनाएका हुन् ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र नित्यानन्द पाण्डेको संयुक्त इजलासले सोमबार उक्त आदेश जारी गरेको थियो । उनले उक्त आदेशले आफू अचम्ममा परेको टिप्पणी पनि गरे ।

संविधानले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने प्रावधान राखेको भए पनि तीन दिन अघि नै सर्वोच्चले २४ घण्टाको अवधि दिएको भन्दै संविधान विपरीत आदेश आएको उनको भनाइ छ ।

‘संविधानले ३० दिनभित्र विश्वासको मत लिन्छ भन्छ । सम्मानित सर्वोच्च अदालतबाट २४ घण्टाभित्र लेऊ भन्छ । म सुन्दा आश्चर्यचकित भएँ । संविधानले ३० दिनको म्याद दिन्छ,’ ओलीले थप भने, ‘४ दिनपछि ३० दिन पुग्दैछ । तीन दिन वर तान्नका लागि संविधानविपरीत २४ घण्टाको परमादेश कुन धाराको आधारमा ? आवश्यकताको सिद्धान्त भनेको त्यही हो कि ?’

तर पनि अदालतलाई पूरा सम्मान गर्दै कार्यान्वयन गर्ष्ने उनको भनाइ थियो । परिस्थिति, मान्छे र अनुहार हेरेर कुनै हिसाबले फैसला गर्न नहुने ओलीको भनाइ थियो ।

## ओलीको भनाइ जस्ताको तस्तै



*म सम्मानित सर्वोच्च अदालतको हिजोको एउटा फैसला सम्झन चाहन्छु । संविधानको धारा १६८ को प्रदेशस्तरमा भन्ने हो भने धारा २ को होस् वा ३ को होस् वा ५ को होस् । ती सरकारहरूमा मुख्यमन्त्रीले एक महिनाभित्र विश्वासको मत लिनुपर्छ भनेर भनेको छ । हिजो सम्मानित सर्वोच्च अदालतबाट एक महिना पुग्न ४ दिन बाँकी होला । संविधानले ३० दिनभित्र विश्वासको मत लिन्छ भन्छ । सम्मानित सर्वोच्च अदालतबाट २४ घण्टाभित्र लेऊ भन्छ । म सुन्दा आश्चर्यचकित भएँ । संविधानले ३० दिनको म्याद दिन्छ । ४ दिनपछि ३० दिन पुग्दैछ । तीन दिन वर तान्नका लागि संविधानविपरीत २४ घण्टाको परमादेश कुन धाराको आधारमा ? आवश्यकताको सिद्धान्त भनेको त्यही हो कि ? म अदालतलाई पूरा सम्मान गर्छु । अदालतको निर्णय हामी कार्यान्वयन पनि गर्छौं । तर, मेरो आग्रह के हो भने अदालतबाट पनि खुद आफ्नै, संविधानको मर्यादा कायम हुनु वान्छनिय हुन्छ । परिस्थिति, मान्छे र अनुहार हेरेर कुनै हिसाबले फैसला होइन, संविधान कानुन र न्याय हेरेर फैसला हुनुपर्छ । संविधान विपरीतको फैसला, सधैँ नेकपा एमालेको भागमा पर्छ यस्तो फैसला चाहीँ । यो मैले कुनै अदालतप्रति मानमर्यादामा प्रभाव पार्न खोजेको होइन, प्रसंगबस ल्याएको मात्र हो ।*

# एनपिएल : जनकपुरको पहिलो जित

दैनिक समाचारदाता
काठमाडौं, १६ मंसिर । साविक विजेता जनकपुर बोल्ट्सले दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) मा पहिलो जित निकालेको छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला कीर्तिपुरमा मङ्गलबार भएको खेलमा जनकपुर बोल्ट्सले चितवन राइनोजलाई ६ विकेटले हरायो ।



यसअघि खराब नतिजा सामना गरिरहेको जनकपुरले पाँचौं खेलमा आएर पहिलो जित निकालेको हो । जितसँगै दुई अङ्क बनाएको जनकपुरले प्लेअफ पुग्ने गणितीय सम्भावना कायम राखेको छ । यस्तै समान खेलबाट चितवनको चार अङ्क छ । जितका लागि एक सय ७७ रनको चुनौतीपूर्ण लक्ष्य पछ्याएको जनकपुरले १७.३ ओभरमा चार विकेटको क्षतिमा एक सय ८० रन जोड्दै लक्ष्य पूरा गरेको हो ।

जनकपुरका लागि ओपनर माज सदाकत र अनिल शाहले अर्धशतकीय इनिङ्स खेल्नुभयो । माजले तीस बलमा ६ चौका र चार छक्काको सहयोगमा ६३ रन बनाउनुभयो ।

यस्तै अनिल शाहले ३६ बलमा चार चौका तीन छक्काको सहयोगमा ६१ रन बनाउनुभयो । आशिफ शेख र आदित्य महताले १८, १८ तथा जान निकोल लोफ्टी-इटनले ११ रन जोड्नुभयो । अनिल प्लेयर अफ दी म्याच बन्नुभयो ।

बलिङमा चितवनका कमल ऐरी, अमर रौटेला र सोहिल तानविरले एक एक विकेट लिनुभयो । यसअघि टस जितेर पहिला ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा चार विकेटको क्षतिमा एक सय ७६ रन बनाएको थियो ।

चितवनका लागि ओपनरद्वय डेविड मलान र अर्जुन साउदले अर्धशतक बनाएपनि टोलीको हार टरेन । मलानले ८० र अर्जुनले ५२ रनको योगदान गर्नुभयो । कप्तान कुशल मल्लले ३० रन जोड्नुभयो ।

बलिङमा जनकपुरका अनिल शाह, रूपेश सिंह, माज सदाकत र जान निकोल लोफ्टी-इटनले एक एक विकेट लिनुभयो । आजै दोस्रो खेलमा पोखरा एभेन्जर्स र कर्णाली याक्सबिच प्रतिस्पर्धा हुने छ ।

# मन्त्रिपरिषद् बैठकका २७ निर्णय

दैनिक समाचारदाता
काठमाडौं, १६ मंसिर । सरकारले सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गरेको छ । मङ्गलबार सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पत्रकार सम्मेलन गर्नुहुँदै मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्नुभएको हो । मन्त्री खरेलले मन्त्रिपरिषद्का २७ निर्णय एकसाथ सार्वजनिक गर्नुभएको हो ।

सरकारले ‘जेनजी’ प्रदर्शनका क्रममा मृत्यु भई सहिद घोषणा गरिएका व्यक्तिका परिवारलाई तस्बिरसहितको परिचयपत्र उपलब्ध गराउने निर्णय गरेको छ । त्यस्तो परिचय पत्र आमा, बुवा, श्रीमान्, श्रीमती र अविवाहित छोरा, छोरीलाई दिइने छ ।

सिंहदरबारमा आज बसेको मन्त्रिपरिषद्को बैठकले भदौ २३ र २४ गतेको प्रदर्शनमा मृत्यु भई सहिद घोषणा गरेका परिवारलाई गृह मन्त्रालयले तस्बिरसहितको परिचयपत्र दिने निर्णय गरेको प्रवक्ता खरेलले सञ्चारकर्मीलाई जानकारी दिनुभयो । यस्तै, प्रत्येक वर्ष भदौ २३ गतेलाई ‘जेनजी सहिद दिवस’का रूपमा मनाउने निर्णयसमेत गरिएको उहाँले बताउनुभयो । बैठकले आगामी माघ १ गतेदेखि एक पटकमा पाँच लाख वा सोभन्दा बढी मूल्यको सेवा वा वस्तुको खरिद बिक्री वा अन्य कारोबार गर्दा वित्तीय संस्था वा बैंकिङ उपकरणमार्फत गर्नुपर्ने निर्णय पनि गरेको छ । यसैगरी श्रीलङ्कामा भीषण बाढीपहिरोले क्षति गरेकाले नेपाल सरकारले सहायतास्वरूप दुई लाख अमेरिकी डलर सहयोग गर्ने निर्णय पनि गरिएको प्रवक्ता खरेलले बताउनुभयो ।



यस्तै, विश्वविद्यालय अनुदान आयोगको सचिव पदमा प्रा. ज्ञानबहादुर थापा, प्रेस काउन्सिल नेपालको अध्यक्ष पदमा डा. कुमार शर्मा आचार्यलाई नियुक्त गर्ने निर्णय भएको छ । कार्बन व्यापार नियमावली २०८२ स्वीकृत गर्ने निर्णय पनि गरिएको छ । राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पदमा वैकुण्ठप्रसाद अर्याललाई बढुवा गरिएको छ ।

# विश्वले पर्खिरहेको फिल्म ‘अवतार ३’ को वर्ल्ड प्रिमियर

लस एन्जलस । बहुप्रतीक्षित हलिउड फिल्म ‘अवतार ३’ लाई विश्व प्रिमियर गरिएको छ । सन् २००९ को यो फिल्मको शीर्षक छ- अवतार : फायर एन्ड एस! जेम्स क्यामरुन निर्देशित यो फिल्म ४ पुस (१९ डिसेम्बर, २०२६) मा विश्वभर प्रदर्शन तयारीमा छ ।

‘अवतार’ का अघिल्ला दुवै श्रृंखला विश्व बक्सअफिसमा सर्वकालिन धेरै कमाउने उत्कृष्ट ५ को सूचीमा छन् । सन् २००९ को ‘अवतार’ ले २.९२ बिलियन डलर कमाएको छ, जुन शीर्षस्थानमा छ ।

दोस्रो श्रृंखला ‘अवतार : द वे अफ वाटर’ २.३४ बिलियन डलर कमाउँदै तेस्रो स्थानमा छ । ‘अवतार’ ले विश्व फिल्ममा डिजिटल क्रान्ति ल्याएको थियो । ‘अवतार’ नेपालमा प्रदर्शन हुने पहिलो थ्रीडी फिल्म पनि हो । क्यामरुनसँग फिल्मका कलाकारहरू साम वर्थिंगटन, जो साल्दाना र सिगोर्नी वीभर र अन्य कलाकारले हलिउडको डल्बी थिएटरमा आयोजित रेड कार्पेट समारोहमा हिँडेका थिए ।




‘अवतार : फायर एण्ड एस’ ले ज्वालामुखीको भूमिमा बस्ने नावी जनजाति जसलाई एश पिपल वा माङ्कवान पनि भनिन्छ, उनको परिचय दिलाउँदै पाण्डोराको कठोर वातावरणमा लैजान्छ । यो फिल्मले फ्रान्चाइजीको स्पष्ट नैतिक रेखालाई चुनौती दिने तयारी गरेको छ, किनकि एस पिपलहरू आक्रामक स्वभावको वाराङको नेतृत्वमा छन् र कर्नल क्वारिचको मानव सेनासँग मिलेर गठबन्धन बनेको छ, जसले गर्दा यी दुवै पक्षबीच द्वन्द्वको सिर्जना हुन्छ ।

प्रिमियर समारोहका अन्य सहभागीमा स्टीफन लाङ, उना च्याप्लिन, क्लिफ कर्टिस, जोएल डेभिड मूर, ब्रिटेन डाल्टन, ट्रिनिटी जो-ली ब्लिस, ज्याक च्याम्पियन, बेली बास, एडी फाल्को, माइली साइरस लगायतका सेलिब्रेटी थिए ।




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४